# प्रदेश लोक सेवा आयोग

## लुम्बिनी प्रदेश

## प्रदेश निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौ तथा चौथो तहका (अप्राविधिक) पदहरुको खुला तथा समावेशी प्रतियोगितात्मक लिखित परीक्षाको विज्ञापन

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको च.नं. २१४३, मिति २०७८।०३।३१ को पत्रबाट माग भए बमोजिम प्रदेश निजामती सेवा अन्तर्गत नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायकस्तर पाँचौ तथा चौथो तहका (अप्रावधिक) पदहरु मध्ये प्रचलित कानून बमोजिम बढुवा तथा आ.प्र. तर्फको पदहरु सुरक्षित राखी वाँकी पदहरुमा खुला तथा समावेशी प्रतियोगितात्मक परीक्षाद्वारा तपसिल बमोजिमका सूचना नं. अनुसार पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरुबाट दरखास्त आह्वान गरिन्छ। न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुले **आयोगको विद्युतीय दरखास्त प्रणाली https://ppsconline.lumbini.gov.np मार्फत दरखास्त दिन सकिनेछ ।**

विज्ञापित पदहरुको **प्रथम चरणको परीक्षाको कार्यतालिका मिति २०७८।०७।१२ गते आयोगको वेवसाइट मार्फत प्रकाशित** गरिनेछ ।

### सूचना नं. ०२/२०७८-०७९

| नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, पाँचौ तह | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विज्ञापन नं.** | **सेवा, समूह** | **विज्ञापन किसिम** | **पद संख्या** |
| १. | ADM-५०००१/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | खुला | ४ |
| २. | ADM-५०००२/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | महिला | १ |
| ३. | ADM-५०००३/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | आदिवासी/जनजाति | १ |
| ४. | ADM-५०००४/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | मधेसी | १ |
| **कूल जम्मा पद** | | | | ७ |

### सूचना नं. ०३/२०७८-०७९

| नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, चौथो तह | | | | |
|---|---|---|---|---|
| **सि.नं.** | **विज्ञापन नं.** | **सेवा, समूह** | **विज्ञापन किसिम** | **पद संख्या** |
| १. | ADM-५०००५/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | खुला | ६ |
| २. | ADM-५०००६/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | महिला | २ |
| ३. | ADM-५०००७/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | आदिवासी/जनजाति | १ |
| ४. | ADM-५०००८/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | मधेसी | १ |
| ५. | ADM-५०००९/२०७८-७९ | नेपाल प्रशासन, सामान्य प्रशासन समूह, | दलित | १ |
| **कूल जम्मा पद** | | | | **११** |

**परीक्षाको किसिमः-** लिखित, सिप परीक्षण र अन्तर्वार्ता ।

**परीक्षा केन्द्रः-** बुटवल ।

**परीक्षाको माध्यमः-** परीक्षाको माध्यम (भाषा) नेपाली वा अंग्रेजी अथवा नेपाली र अंग्रेजी दुबै हुन सक्नेछ ।

**दरखास्त दस्तुरः-** **पाचौं तहको** विज्ञापनका लागि दरखास्त दस्तुर रु. ५००।- (पाँचसय) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि रु. २५०।- (दुईसय पचास) थप दस्तुर बुझाउनु पर्नेछ ।

**चौथो तहको** विज्ञापनका लागि दरखास्त दस्तुर रु. ४००।- (चारसय) बुझाउनु पर्नेछ । समावेशी समूह तर्फका थप विज्ञापनमा आवेदन दिने उम्मेदवारको हकमा थप प्रत्येक समूहका लागि रु. २००।- (दुईसय) थप दस्तुर बुझाउनु पर्नेछ ।

**दरखास्त दस्तुर बुझाउने स्थानः-** प्रदेश लोक सेवा आयोग, लुम्बिनी प्रदेश, मुकामः बुटवलको

**कार्यालय कोड २१०००४८०१५,**

**राजश्व शिर्षक नं. १४२२४,**

**राष्ट्रिय बाणिज्य वैंकको खाता नं. १०००१००२०००१०००० वा**

**नेपाल वैंक लि.को खाता नं. २७४०२००००१००१००००१**

**मध्ये आफूलाई पायक पर्ने कुनै एक वैंकमा उम्मेदवारले आफ्नै नामबाट दरखास्त दस्तुर जम्मा गर्नुपर्नेछ ।**

**दरखास्त दस्तुर बुझाउने अवधिः-** दरखास्त दस्तुर तोकिएको मिति भित्रै वैंकले तोकेको समयमा नै बुझाई अपलोड गर्नुपर्नेछ ।

**दरखास्तको माध्यमः-** आयोगको विद्युतीय दरखास्त प्रणाली **http://ppsconline.lumbini.gov.np** मार्फत् दरखास्त बुझाउन सकिनेछ । विद्युतीय दरखास्त पेश गर्ने उम्मेदवारले माग गरिए अनुसारको सम्पूर्ण विवरण भरी आफ्नो नागरिकता, दरखास्त दिने पदको लागि आवश्यक न्यूनतम शैक्षिक योग्यताका प्रमाणपत्र, समावेशी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा समावेशी विवरण खुल्ने कागजात, हालसालै खिचेको पासपोर्ट साइजको फोटो, हस्ताक्षर र दस्तुर तिरेको वैंक भौचरको माथि उम्मेदवारको मास्टर आइ.डी. नम्बर लेखी JPG/PDF Format मा तोकिएको स्थानमा सवै कागजात सक्कल नै स्क्यान गरी अपलोड गर्नु पर्नेछ । फोटोकपि गरेको कागजात पेश गरेमा वा मिति तथा अन्य विवरण नवुझिने भएमा वा केरमेट गरेको पाइएमा त्यस्ता दरखास्त स्वीकार हुने छैन । उम्मेदवारहरुले विद्युतीय दरखास्त भर्दा व्यक्तिगत विवरण शुद्धसँग भरी विवरण दुरुस्त भएको आँफैले सुनिश्चित गर्नुपर्नेछ । विवरण भर्दा अनिवार्य रुपमा उम्मेदवारहरुले आफ्नै मोबाईल नम्बर र इमेल ठेगाना उल्लेख गर्नु पर्नेछ ।

**दरखास्त दिने अन्तिम मितिः-** २०७८।०६।१४ गतेसम्म र दोब्बर दस्तुर तिरी २०७८।०६।२२ गतेसम्म ।

**उम्मेदवारको उमेरको हदः-** २०७८।०६।१४ सम्म १८ वर्ष उमेर पूरा भै पुरुष उम्मेदवारको हकमा ३५ वर्ष ननाघेको र महिला तथा अपांग उम्मेदवारहरुको हकमा ४० वर्ष ननाघेको ।

**अन्तर्वार्ता अघिका परीक्षा कार्यक्रम र अन्तर्वार्ता हुने मितिः-** लिखित परीक्षाको नतिजा प्रकाशित हुँदा सूचना गरिनेछ ।

**पदमा रही गर्नुपर्ने कामको विवरणः-** सेवा, समूह सम्बन्धी प्रदेश सरकारले तोके बमोजिम ।

**सेवा, शर्त र सुविधाः-** सेवा, शर्त र सुविधा प्रदेश कानून बमोजिम हुने ।

**सेवा सम्बन्धी मन्त्रालयः-** सेवा, समूह सञ्चालन गर्ने लुम्बिनी प्रदेश सरकारको मन्त्रालय ।

## आवश्यक न्यूनतम योग्यताः

**पाचौं तहका लागिः** निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको । साथै निजामती सेवा ऐन, २०४९ को अधिनमा रही नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवीणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण ।

**नोटः** ग्रेडिङ प्रणाली लागू भए पश्चात् प्रवीणता प्रमाण पत्र तह वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा CGPA 1.6 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

**चौथो तहका लागि:** निजामती सेवा ऐन, २०४९ को दफा १० बमोजिम अयोग्य नभएको । साथै निजामती सेवा ऐन, २०४९ को अधिनमा रही नेपाल प्रशासन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ बमोजिम मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका परीक्षा (एस.एल.सी.) वा सो सरह उत्तीर्ण ।

**नोट**: ग्रेडिङ प्रणाली लागू भए पश्चात् एस.एल.सी. वा सो सरह परीक्षा उत्तीर्ण गर्ने उम्मेदवारहरुको हकमा GPA 2 वा सोभन्दा माथिको ग्रेड प्वाइण्ट प्राप्त गरेकोलाई न्यूनतम योग्यता पूरा भएको मानिनेछ ।

## समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरुका लागि विशेष निर्देशन

समावेशी समूहतर्फका पदहरुमा दरखास्त दिन चाहने उम्मेदवाहरुले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरु तयार गरी दरखास्त दिनुपर्नेछ ।

(क) आदिवासी जनजातिका हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

(ख) मधेसीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात वा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात ।

(ग) दलितका हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जाति भित्र एकभन्दा बढी थरहरु भएमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गराएको कागजात ।

## द्रष्टव्य

(क) दोब्बर दस्तुरको म्यादलाई उमेर, शैक्षिक योग्यता, अनुभव अवधि र अन्य योग्यताको प्रयोजनको लागि गणना गरिने छैन ।

(ख) आयोगद्वारा तोकिएको म्यादभित्र पेश नभएको वा न्यूनतम योग्यता नपुगेको वा तोकिएको अन्य विवरण नखुलेको वा तोकिएको दस्तुर नबुझाएको दरखास्त स्वीकृत गरिने छैन ।

(ग) लिखित परीक्षाको हकमा सहयोगी लेखक माग गर्ने उम्मेदवारले लिखित परीक्षा शुरु हुनु भन्दा कम्तीमा ७ (सात) दिन अगावै आयोगको कार्यालयमा सम्पर्क राख्नु पर्नेछ । अन्यथा सहयोगी लेखक उपलब्ध गराउन आयोग वाध्य हुने छैन ।

(घ) लिखित परीक्षामा उत्तीर्ण हुने उम्मेदवारले अन्तर्वार्ता दिनु भन्दा अगाडि शैक्षिक योग्यताको प्रमाणपत्र, नागरिकता प्रमाण पत्र, समावेशी एवं खुलातर्फ दरखास्त दिने उम्मेदवारको लागि पेश गर्नुपर्ने भनी उल्लेख गरिएका कागजातहरुको सक्कलका साथै सो को १-१ प्रति प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(ङ) लिखित परीक्षामा परीक्षार्थीले अनिवार्य रुपमा कालो मसी मात्र प्रयोग गर्नुपर्नेछ अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।

(च) पाठ्यक्रम आयोगको वेबसाइट www.ppsc.lumbini.gov.np बाट प्राप्त गर्न सकिने छ ।

(छ) कोभिड-१९ संक्रामक रोगबाट सृजना हुन सक्ने स्वास्थ्य जोखिमलाई मध्यनजर गरी आयोगबाट सञ्चालन हुने प्रतियोगितात्मक परीक्षालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न संक्रमणको विशेष अवस्थामा आयोगले तयार गरेको स्वास्थ्य सम्वन्धी मापदण्ड अपनाइने छ ।

(ज) दरखास्त भर्ने तरिका सम्वन्धी जानकारीको लागि वेवसाइटमा राखिएको User manual हेर्न सकिनेछ ।

- **https://rajaswa.fcgo.gov.np Login गरेर विद्युतीय माध्यमवाट पनि राजश्व भुक्तानी गर्न सकिन्छ ।**
- **अपलोड गर्नुपर्ने फोटो, दस्तखत लगायत कागजातहरुको Size तथा Format तोकिएबमोजिकै हुनुपर्नेछ । सक्कल कागजातबाटै स्क्यान भएको हुनु पर्नेछ । कागजात नवुझिने भएमा दरखास्त स्वीकृत हुनेछैन ।**
- **वैंकमा भौचर भर्दा बुझेर भर्नुहोला । राजश्व भौचर भर्नु पर्नेछ । खाता नं, कार्यालय कोड तथा राजश्व शिर्षक अनिवार्य उल्लेख भएको हुनु पर्नेछ ।**

**सम्पर्क: ०७१-५४१०६२, ५४१४८४, email: info.ppsc@lumbini.gov.np, loksewa.lumbini@gmail.com**